मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्रसख्या : ०७७।०७८

मिति: २०७८।०३।०४

चलानी नं.: १५५४

विषयः <u>ट्रक, टिपर, ट्रयाक्टर सञ्चालनमा रोक लगाइएको अत्यन्त जरुरी सूचना ।</u>

यस नगरपालिकाको कुन्ता-नयाँगाउँ-नगरकोट सडकको कुन्ता ढाइटार खण्ड र नगरकोट-मकैवारीभिर खण्डमा सडक कालोपत्रे गर्ने काम, अन्य बिचबिचको भागमा सडक सुधार तथा मर्मत एवं निर्माण र ढलाई गर्ने काम भइरहेकोले नगरपालिका भित्रका विकास योजनाका लागि सामग्री ढुवानी गर्न नगरपालिकाबाट पास लिएका गाडीहरुलाई तोकिएको स्थान सम्म मात्र जान पाउने गरी बाहेक अन्य सम्पूर्ण ट्रक,टिपर र ट्रयाक्टरहरु कुन्ता-नगरकोट सडकमा सञ्चालन गर्न रोक लगाइएको छ ।यस सूचनालाई बेवास्ता गरी उक्त सडकमा उल्लेखित सवारी साधन सञ्चालन गरेमा देहाय बमोजिम जरिबाना हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

<u>सञ्चालन गरेमा लाग्ने जरिबाना:</u>

१.टिपर, ट्रक रु. २५,०००/- (प्रत्येक पटक)
२.ट्रयाक्टर रु. १५,०००/- (प्रत्येक पटक)

पुनश्चः नगरपालिकाबाट सामग्री ढुवानी पास लिन सम्वन्धित वडाले योजना किटान गरेको सिफारिस पेश गर्नुपर्नेछ ।

२०७८।३।४

(प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

E-mail: mandandeupurmu@gmail.com, Website: mandandeupurmun.gov.np